# राष्ट्रिय स्वतन्त्र पार्टी

## ऐतिहासिक प्रथम राष्ट्रिय महाधिवेशन

२०८३ असार ७ देखि ९, भरतपुर, चितवन

## संगठनात्मक प्रतिवेदन, २०८३

**कविन्द्र बुर्लाकोटी**
पार्टी महामन्त्री

आदरणीय पार्टी सभापतिज्यू, प्रधानमन्त्री एवं पार्टी बरिष्ठ नेताज्यू, पार्टी उपसभापतिज्यू, पदाधिकारीज्यूहरु, सचिवालय, केन्द्रीय कार्यसमिति, प्रतिनिधि सभा सदस्य, प्रदेश, जिल्ला तथा पालिका तहका प्रतिनिधि, महाधिवेशन प्रतिनिधि साथीहरू, विभागीय प्रमुखहरू, जनप्रतिनिधिहरू र यस ऐतिहासिक महाधिवेशनमा उपस्थित सम्पूर्ण सहयात्री साथीहरू,

आज म राष्ट्रिय स्वतन्त्र पार्टीको महामन्त्रीको हैसियतमा संगठनको ४ वर्षको फेहरिस्त र अंकगणितका साथमा इतिहासको यो असाधारण मोडमा रहेको नेपालको राजनीति कुन दिशातर्फ जाँदैछ, हाम्रो राज्य-समाज सम्बन्ध कसरी बदलिँदैछ र आगामी दिनमा हामीले जनतासँग गरेका प्रतिज्ञाहरू कसरी पूरा गर्छौं भन्ने मार्ग चित्र प्रस्तुत गर्न उपस्थित भएको छु ।

हामीले बुझ्नुपर्ने एउटा महत्वपूर्ण कुरा के हो भने हामी सामान्य राजनीतिक कालखण्डमा छैनौँ । नेपाल आज एउटा पेचिलो संरचनात्मक परिवर्तनको मोडमा छ । पुराना दल र तिनीहरूले चलाएको परम्परागत राजनीतिक प्रणालीले आफ्नो नैतिक, संस्थागत र सामाजिक वैधता गुमाइसकेको छ । परिणामस्वरुप, नागरिकहरू आज एउटा नयाँ नागरिक-केन्द्रित, परिणाममुखी, पारदर्शी र प्रविधिमैत्री व्यवस्थाको खोजीमा छन् । यो केवल सत्ता बदल्ने सामान्य खेल भएको होइन, बरु राज्य र नागरिकबीचको सम्बन्धलाई नै नयाँ शिराबाट परिभाषित गर्ने ऐतिहासिक मोड आएको हो जहाँ शासन अब शासकहरूको अधिकार होइन, जनताप्रतिको निरन्तर जवाफदेहिता र उत्तरदायित्वको अभ्यास बन्नु पर्नेछ ।

शिलापत्र

वि.सं. २०८२ को जेन जी (नयाँ पुस्ता) को आन्दोलनलाई यदि हामी केवल सडकको आक्रोश, भीड वा क्षणिक असन्तोष मात्र ठान्छौँ भने हामी इतिहासको मर्मलाई नजर अन्दाज गरिरहेको हुनेछौं । त्यो आन्दोलन कुनै आकस्मिक विस्फोट थिएन । त्यो त दशकौँदेखि जम्मा भएको राजनीतिक निराशा, संस्थागत असफलता, अवसरहरूको असमान वितरण र डिजिटल युगमा पनि पुरानै सामन्ती शासन शैली कायम राख्ने शासकहरू विरुद्ध आम जनताको संगठित विद्रोह थियो । त्यो आन्दोलनले राज्यलाई केवल विरोध गरेन, बरु प्रश्न सोध्यो–"राज्य किन नागरिक बाट टाढा भयो, र लोकतन्त्र किन व्यवहारमा कमजोर भयो ?"

त्यही ऐतिहासिक प्रश्नहरूको राजनीतिक उत्तर र आम नागरिकको आकांक्षाको प्रतिफलका रूपमा वि.सं. २०८२ फागुन २१ गते सम्पन्न प्रतिनिधिसभा निर्वाचन र यसको परिणाम देखा परेको हो । यो निर्वाचन केवल संवैधानिक अभ्यास मात्र थिएन, यसले विगत तीन दशकदेखि संस्थागत हुँदै आएको दलीय मिलीभगत, संरक्षण मुखी राजनीतिक संस्कृति र सीमित अभिजनहरूको कब्जामा रहेको शासन संरचनाको जगै हल्लाइदिएको छ ।

आज हाम्रो पार्टी ५ लाखभन्दा बढी सदस्य र करिब पचास लाख नागरिकको समर्थन भएको एक विशाल राजनीतिक-सामाजिक सञ्जालमा रूपान्तरण भएको छ । यो केवल संख्या होइन, यो विश्वासको सामाजिक संरचना हो । तर यो संरचना पूर्ण रूपमा सन्तुलित र समान छैन भन्ने यथार्थ पनि हामीले स्वीकार गर्नैपर्छ ।

# पार्टीको सदस्य विवरण

| पार्टीको सदस्य विवरण | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| समुहगत अवस्था | कोशी | मधेश | बाग्मति | गण्डकी | लुम्बिनी | कर्णाली | सुदुर पश्चिम | जम्मा | प्रतिशत |
| प्रदेशगत प्रतिशत | 14.0% | 23.3% | 20.5% | 11.8% | 14.5% | 5.2% | 10.6% | | |
| लैंगिक अवस्था | ७३३५५ | १२१८९९ | १०७३२० | ६१९२५ | ७५९६२ | २७३२५ | ५५६७९ | ५२३४६५ | |
| पुरुष | ५५७७३ | ९२५०४ | ७९९७२ | ४३२५६ | ५६९७७ | २२४५९ | ४५८४८ | ३९६७८९ | 75.8% |
| महिला | १२८५८ | २५२४१ | १६८५३ | ११७३७ | १३३१८ | ३१७२ | ६७१७ | ८९८९६ | 17.2% |
| अन्य | ७७ | १६६ | १०४ | ४८ | ५६ | ३५ | १०२ | ५८८ | 0.1% |
| थाहा नभएको | ४६४७ | ३९८८ | १०३९१ | ६८८४ | ५६११ | १६५९ | ३०१२ | ३६१९२ | 6.9% |
| जातजाति | ७३३५५ | १२१८९९ | १०७३२० | ६१९२५ | ७५९६२ | २७३२५ | ५५६७९ | ५२३४६५ | |
| दलित | ५१३० | १५३१० | ५४१३ | ६५९७ | ७५८२ | ४२०३ | ६५७९ | ५०८१४ | 9.7% |
| अदिबासि जनजाती | १५९२५ | ६९७१ | ३५७९९ | १३९८० | १०२१४ | ३३१५ | ४१८१ | ९०३८५ | 17.3% |
| मधेशी | ७२१० | ७७१४८ | ४३७ | ८१ | ८९०७ | ३४ | २०४ | ९४०२१ | 18.0% |
| खस अर्य | ३४५४२ | ६३७० | ५०४३२ | ३१२३५ | ३५८१५ | १७५१३ | ३८४८२ | २१४३८९ | 41.0% |
| थारू | १६०३ | २९२२ | ५५६ | ८७६ | ३०४० | १९ | १७०२ | १०७१८ | 2.0% |
| मुस्लिम | १९५० | ८०५९ | १७१ | ४५९ | २३०६ | ३६ | ४८ | १३०२९ | 2.5% |
| थाहा नभएको | ६९९५ | ५११९ | १४५१२ | ८६९७ | ८०९८ | २२०५ | ४४८३ | ५०१०९ | 9.6% |
| उमेर समुह | ७३३५५ | १२१८९९ | १०७३२० | ६१९२५ | ७५९६२ | २७३२५ | ५५६७९ | ५२३४६५ | |
| १८ बर्ष मुनी | ६२३५ | ३०३० | १३००१ | ५११६ | ३६४८ | १४१४ | २८१३ | ३५२५७ | 6.7% |
| १८ देखि ४५ बर्ष | ४५०१५ | ८६०४३ | ६०१०५ | ३३२७७ | ४७९५३ | २०५३८ | ४२५४७ | ३३५४७८ | 64.1% |
| ४६ देखी ६५ बर्ष | १४७३८ | २३७५२ | २०८२२ | १४५१० | १५७३७ | २७५८ | ६५४० | ९८८५७ | 18.9% |
| ६५ बर्ष माथी | १९६७ | ३७६६ | २६१३ | २०५५ | १९२३ | ४१८ | ९४० | १३६८२ | 2.6% |
| थाहा नभएको | ५४०० | ५३०८ | १०७७९ | ६९६७ | ६७०१ | २१९७ | २८३९ | ४०१९१ | 7.7% |

**अधिवेशन सम्पन्न विवरण**:

प्रदेश: ६ वटा, मधेश प्रदेश अधिवेशन तयारी अवस्थामा ।

अधिवेशन भएको जिल्ला संख्या : ६४

अधिवेशन भएको पालिका संख्या : ६०९

अधिवेशन भएका वडा संख्या : ४३६३

अधिवेशन हुन बाँकी जिल्लाहरू: डोल्पा र हुम्ला, रुकुम पूर्व, मनाङ र मुस्ताङ, धनुषा, सप्तरी, बारा र सर्लाही
अधिवेशन प्रक्रिया सुरु भई स्थगन भएका जिल्लाहरू: सिन्धुपाल्चोक, सिराहा, महोत्तरी, रौतहट
बाँकी अधिवेशन छिट्टै हुनेछ ।

- कुल ५,२३,४६५ सदस्यमध्ये मधेश प्रदेश २३.३% सहित सबैभन्दा ठूलो सदस्य आधार भएको प्रदेश बनेको छ भने बागमती प्रदेश २०.५% सहित दोस्रो स्थानमा छ । कोशी (१४.०%) र लुम्बिनी (१४.५%) ले मध्यम तर स्थिर संगठनात्मक आधार निर्माण गरेका छन् । तर गण्डकी (११.८%), सुदूरपश्चिम (१०.६%) र विशेष गरी कर्णाली प्रदेश (५.२%) मा हाम्रो संगठनात्मक उपस्थिति छ । यसलाई सबैको प्रयासमा सुदृढ गर्नुछ । यो सुधार नहुँदा भविष्यको निर्वाचन परिचालनमा चुनौति थप्न सक्छ ।
- संगठनमा पुरुष सदस्यको संख्या ७५.८% (३,९६,७८९) हुनु र महिलाको सहभागिता केवल १७.२% (८९,८९६) मा

सीमित रहनु हाम्रो संगठनात्मक चुनौती हो । नयाँ राजनीतिक संस्कृति निर्माण गर्ने हो भने महिलालाई केवल सहभागितामा होइन, नेतृत्व र निर्णय-निर्माणको केन्द्रमा ल्याउनु अनिवार्य छ ।

- खस आर्य ४१.०% सहित सबैभन्दा ठूलो समूह भए पनि यो पूर्ण प्रभुत्व नभई सापेक्षिक बहुलता मात्र हो । मधेशी १८.०% र आदिवासी जनजाति १७.३% को उल्लेखनीय उपस्थितिले पार्टीलाई बहुजातीय राष्ट्रिय मञ्च बनाएको छ । दलित ९.७% सहभागिता सामाजिक न्यायको प्रारम्भिक संकेत हो भने मुस्लिम २.५% र थारू २.०% को सहभागिता बढाउन लक्षित अभियान आवश्यक छ ।

- संगठनको करिब दुई तिहाइ हिस्सा (६४.१%) १८ देखि ४५ वर्ष उमेर समूहका युवाहरूको छ । यो पुस्ता भावनात्मक राजनीति होइन, प्रमाण-आधारित शासन र ठोस परिणाम चाहन्छ ।

हामीले विगत केही वर्षमा केन्द्रदेखि वडा तहसम्म व्यापक संगठनात्मक विस्तार गरेका छौँ । ३९ विषयगत विभागहरू गठन गरिएका छन् । तर अब हाम्रो मुख्य चुनौती संरचना निर्माण होइन, संरचनालाई परिणाममा रूपान्तरण गर्नु हो । हाम्रो संगठन अब विस्तारको चरणबाट संस्थागत कार्यान्वयनको चरणमा प्रवेश गर्नुपर्छ ।

- प्रदेश तहमा औसत ८८% संरचना पूर्ण हुनु सकारात्मक भए पनि मधेश प्रदेश ७८% मा सीमित रहनु संगठनात्मक दृष्टिले बिझाउने पक्ष हो । बागमती, कोशी, कर्णाली र सुदूरपश्चिमले ९५% सम्मको पूर्णता हासिल गरिसकेका छन् ।

- कुल ४,३८९ विभागीय पदमध्ये २,५१४ (५७%) मात्र सक्रिय हुनुले हाम्रो विभागीय प्रणाली अझै पूर्ण रूपमा सञ्चालनमा नआएको देखाउँछ । विधेयक मन्थन, युवा तथा खेलकुद, पूर्वाधार विकास जस्ता विभागहरू सक्रिय भए पनि रणनीतिक महत्वका अर्थ नीति, अन्तर्राष्ट्रिय सम्बन्ध जस्ता विभागहरूलाई जनशक्ति अभावका कारण पूर्ण क्षमतामा उपयोग गर्न सकिएको छैन ।

- कुल १०९ निर्वाचन क्षेत्र समिति सदस्य क्रियाशील छन्, जसमा बागमती (१६१) र लुम्बिनी (१२१) अगाडि छन् । तर कर्णाली प्रदेशमा निर्वाचन क्षेत्र समिति पूर्ण रूपमा अनुपस्थित हुनु हाम्रो गम्भीर संरचनात्मक कमजोरी हो ।

हामी कागजमा मात्र संगठन देखिने "पेपर अर्गनाइजेसन सिन्ड्रोम" को रोगबाट बच्नुपर्छ । नियमित बैठक, रिपोर्टिङ प्रणाली र जवाफदेहिता कमजोर भएमा संगठन केवल औपचारिक संरचनामा सीमित हुने जोखिम रहन्छ ।

देशभरका ७५३ पालिकामध्ये ६०९ पालिकामा (८१%) तथा ६,७४३ वडामध्ये ४३६३ वडामा (६५%) अधिवेशन सम्पन्न हुनु पार्टीले राष्ट्रिय स्तरमा आफ्नो संगठनात्मक उपस्थिति स्थापित गरिसकेको बलियो प्रमाण हो । तर, वडा तहमा ६५ प्रतिशत मात्र अधिवेशन सम्पन्न भएको तथ्यले संगठनको गहिराइ अझै अपूर्ण रहेको स्पष्ट पार्छ । रास्वपाको संगठन अझै पनि "माथिल्लो संरचनामा बलियो तर आधारभूत तहमा अपूर्ण" देखिन्छ ।

- नुवाकोट, दोलखा जस्ता संगठन जटिल भएका जिल्लाहरुले १००% अधिवेशन सम्पन्न गरेर कीर्तिमान कायम गरेका छन् धेरै जिल्लाहरुले राष्ट्रिय मापदण्ड स्थापित गरेका छन् । यी जिल्लाहरूको सफल अभ्यासलाई "Model District Framework" को रूपमा अन्य जिल्लाहरूमा विस्तार भएको थियो ।

२०८४ को निर्वाचनको तयारीलाई प्रभावकारी बनाउन बाँकी रहेका २,३६७ वडाहरूमा संगठन निर्माण नगरी हाम्रो चुनाबी तयारी पूर्ण हुन सक्दैन । त्यसैले आगामी चरणमा "संरचना निर्माण" बाट "संरचना सक्रियता" तर्फ रणनीतिक रूपान्तरण आवश्यक छ ।

वि.सं. २०८२ को निर्वाचन परिणामले नेपालको परम्परागत राजनीतिक शक्ति सन्तुलनलाई पूर्णरूपमा उल्ट्याइदिएको छ । पहिलो

हुने निर्वाचित हुने (FPTP) र समानुपातिक (PR) दुवैतर्फ रास्वपाले अभूतपूर्व जनसमर्थन प्राप्त गरेको छ ।

रास्वपाले देशव्यापी रूपमा कुल १६५ सिटमध्ये १२५ सिटमा (७६%) ऐतिहासिक जित हासिल गरेको छ ।

- मधेश प्रदेशमा ३२ मध्ये ३० सिट (९४%) र बागमती प्रदेशमा ३३ मध्ये ३१ सिट (९४%) जितेर पार्टीले आफ्नो बलियो किल्ला निर्माण गरेको छ ।
- गण्डकीमा १५ सिट (८३%) र लुम्बिनीमा २१ सिट (८१%) मा पार्टी विजयी भएको छ ।
- तर कर्णाली प्रदेशमा १२ सिटमध्ये केवल १ सिट (८%) मात्र जित्न सक्नुले हाम्रो संगठनात्मक कमजोरी र मतदाता सम्पर्कको खाडललाई स्पष्ट रूपमा उजागर गर्दछ ।

प्रत्यक्षतर्फ जितेका ११२ पुरुष र १३ महिला उम्मेदवारहरूको विवरणले रास्वपालाई युवाहरूको नेतृत्व संवाहक प्रमाणित गरेको छ:

- ३० वर्ष मुनिका ७ जना र ३० देखि ३९ वर्ष उमेर समूहका ४० जना जनप्रतिनिधि संसदमा पुगेका छन् ।
- ४० देखि ४९ वर्षका ४३ जना र ५० देखि ५९ वर्षका ३२ जना विजयी भएका छन्, जसले युवा जोस र परिपक्वताको मिश्रण देखाउँछ ।

पार्टीले समानुपातिकतर्फ कुल खसेको मतको ४७.८४% अर्थात् ५१,८३,४९३ मत प्राप्त गरी ५७ सिट सुनिश्चित गरेको छ । यसले रास्वपालाई देशकै पहिलो र सबैभन्दा ठूलो राजनीतिक शक्तिको रूपमा स्थापित गरेको छ ।

- मधेश प्रदेशमा सर्वाधिक ५७.३% र बागमती प्रदेशमा ५१.१% समानुपातिक मत प्राप्त भएको छ ।
- कर्णालीमा भने समानुपातिक मत २४.१% मा सीमित हुनुले संगठन विस्तारको प्रत्यक्ष असर निर्वाचन परिणाममा पर्छ भन्ने पुष्टि गर्दछ ।

हामीले ल्याएको यो परिवर्तन ऐतिहासिक हो, तर यस ऐतिहासिक क्षणसँग ठूलो अवसरसँगै ठूलो जोखिम पनि जोडिएको छ । परिवर्तन ल्याउनु सजिलो हुन्छ, तर परिवर्तनलाई संस्थागत रूपमा टिकाउनु नै सबैभन्दा कठिन काम हो । यदि हामीले यो अवसरलाई संस्थागत रूपान्तरणमा बदल्न सक्यौँ भने नेपाल २१औँ शताब्दीको एक नयाँ लोकतान्त्रिक शासन मोडेल बन्न सक्छ, अन्यथा यो केवल अर्को अधुरो राजनीतिक अध्यायमा सीमित हुनेछ ।

शिलापत्र

म स्पष्ट रूपमा भन्न चाहन्छु कि हामी केवल सरकार चलाइरहेका छैनौँ, हामी राज्य पुन:निर्माण गरिरहेका छौँ । हामी केवल संगठन बिस्तार गरिरहेका छैनौँ, हामी नयाँ राजनीतिक वैधताको आधार निर्माण गरिरहेका छौँ । हामी लोकतन्त्रको नयाँ परिभाषा लेखिरहेका छौँ ।

त्यसैले आगामी एक वर्षको संगठनात्मक रणनीति निम्न चार मुख्य संकल्पमा केन्द्रित रहनेछ:

१. वडा समिति पूर्णता: बाँकी रहेका २,३८० वडाहरूमा संगठन निर्माण कार्यलाई युद्धस्तरमा सम्पन्न गर्ने ।
२. कमजोर जिल्लामा विशेष अभियान: कर्णाली, डोल्पा, मुस्ताङ, मनाङ र मुगु जस्ता शून्य वा न्यून प्रगति भएका क्षेत्रमा केन्द्रीय विशेष टोली परिचालन गर्ने ।
३. संरचना सक्रियता र कार्यसम्पादन: बनेका प्रत्येक समितिलाई टोल तहसम्म सक्रिय, प्रशिक्षित र जवाफदेही बनाउने ।
४. निर्वाचन केन्द्रित संगठन सुदृढीकरण: २०८४ को निर्वाचनका लागि मत रूपान्तरण र बुथ व्यवस्थापन क्षमता बढाउने ।

धेरै बोल्ने होइन, स्पष्ट बोल्ने; धेरै वाचा गर्ने होइन, धेरै परिणाम दिने; धेरै संगठन विस्तार गर्ने होइन, धेरै प्रणाली निर्माण गर्ने; र सबैभन्दा महत्वपूर्ण कुरा, राजनीति होइन, राज्य पुन: निर्माण गर्ने । यो केवल हाम्रो पार्टीको यात्रा होइन, यो नेपालको भविष्यसँग जोडिएको ऐतिहासिक जिम्मेवारी हो ।

धन्यवाद !